गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
सामाजिक विकास युवा तथा खेलकूद मन्त्रालय
**एकीकृत सेवा कार्यालय**
पर्वत

पत्र संख्या: २०८३/०८४
सूचना नं. ०१

गण्डकी प्रदेश, नेपाल

## प्रविधि हस्तान्तरणको लागि प्रस्ताव आह्वान सम्वन्धि सूचना।

प्रकाशित मितिः २०८३।०६।०१

यस कार्यालयको आ.व. २०८३।८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयमा दर्ता भई उद्योग सञ्चालन गरिरहेका उद्यमीहरुलाई सञ्चालित उद्योगको विकास र प्रवर्द्धनको लागि साझेदारीमा उपयुक्त एवम् आधुनिक प्रविधि खरिदको लागि ५० प्रतिशत अनुदानमा प्रविधि हस्तान्तरण (औजार/उपकरण) गरिने भएकाले तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा रितपूर्वक निवेदन (प्रस्ताव) दर्ता गर्नुहुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

- आफुलाई आवश्यक परेको प्रविधिको विवरण सहित अनुसूची-८ को ढाँचामा प्रस्ताव पेश।
- उद्यमीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी।
- चालु आ.व. सम्म नवीकरण बहाल रहेको उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपी, गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
- उद्योगको व्यावसायिक परियोजना (स्कीम)।
- खरिद गर्न चाहेको प्रविधिको स्पेशिफिकेशन र मूल्य खुलेको कोटेशन
- वडा कार्यालयबाट प्रविधि आवश्यक रहेको व्यवहोराको सिफारिस
- खाद्यसँग सम्वन्धित उद्योग भए खाद्य अनुज्ञा पत्रको प्रतिलिपी।
- तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपी।
- अघिल्ला पाँच वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्व: घोषणापत्र।
- गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८३ को अनुसूची ९ र १० मा उल्लिखित मुल्याङ्कनका आधारका लागि प्रमाण खुल्ने अन्य कागजात

**नोट**

- निवेदन दिने अन्तिम मिति २०८३ असोज १५ गते सम्म। अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय खुलेको पहिलो दिन सम्म निवेदनको म्याद कायम रहने छ।
- निवेदन फाराम कार्यालयको वेभसाइट https://isoparbat.gandaki.gov.np वा कार्यालयको फेसबुक पेज : www.facebook.com/isoparbat मा हेर्न सक्नुहुनेछ।

प्रविधि हस्तान्तरण गरिने उद्यमीहरूको छनौट स्विकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३ बमोजिम हुनेछ।

थप जानकारीको लागि : एकीकृत सेवा कार्यालय, पर्वत सहायक प्रशासकिय अधिकृत भिम प्रसाद अर्याल फोन नं. ९८५७६४१११८

कार्यालय प्रमुख



CamScanner

नेपाल
गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा नेपाल

मनुसूची -८

(दफा ३० को खण्ड (ख) सँग सम्बन्धित)

## प्रविधि सहयोगको लागि उद्यमीले कार्यालयमा पेश गर्नुपर्ने निवेदन ढाँचा

मितिः

श्रीमान कार्यालय प्रमुखज्यू,

........................................ कार्यालय,

........................ ।

**विषयः** प्रविधि उपलब्ध गराई पाउँ ।

महोदय,

मेरो/हाम्रो नाममा ........................................ कार्यालयमा दर्ता भएको नं. ............... को ........................ उद्योग सञ्चालन, विस्तार र स्तरोन्नति गर्न आवश्यक भएकोले प्रविधि हस्तान्तरण अन्तर्गत निम्न बमोजिमका मेसिन/औजार/उपकरण उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु/छौं । उल्लेखित प्रविधि हस्तान्तरण अन्तर्गतको मेशिन ........................................................ (औजार/उपकारण) उपलब्ध गराइ पाउँ ।

**निवेदकको विवरणः**

१. उद्यमीको नामः

२. उद्यमीको किसिमः (कुनै एकमा ☑ चिन्ह लगाउनुहोस)

(क)वैदेशिक रोजगारीबाट फर्किएकाः

(ख)महिलाः

(ग)१८ देखि ४० वर्ष उमेर समूहका युवाः

(घ)अन्यः

३. उद्योग नामः

४. ठेगानाः

(क)गाउँपालिकाः

(ख)नगरपालिकाः

५. उद्योग दर्ता नं. र मितिः

६. उद्योगमा लगानी भएको पूँजीः

क. स्थिर पूँजी

ख. चालु पूँजी

ग. जम्मा पूँजी

CamScanner

७. उद्योग वा व्यवसायबाट उत्पादन हुने वस्तु तथा सेवाको विवरण (वार्षिक)

८. कच्चापदार्थको किसिमः

९. रोजगारी संख्याः

(क)स्थानीय जनतालाई रोजगारी संख्याः

(ख)स्थानीय बाहेक अन्य रोजगारी संख्याः

१०. माग गरेको मेसिन/औजार/उपकरणको नाम र सम्भावित मूल्यः

| क्र. सं. | प्रविधिको विवरण | संख्या | स्पेशिफिकेशन | अनुमानित मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११. प्रविधि हस्तान्तरणको कार्यक्रमको नाम: (कुनै एकमा ☑ चिन्ह लगाउनुहोस)

क. संञ्चालित उद्योग प्रवर्द्धनका लागि साझेदारीमा प्रविधि हस्तान्तरण ।

ख. एक महिला एक सिप कार्यक्रम

**संलग्न गर्नुपर्ने कागजातहहरुः**

१. उद्योग दर्ता, नवीकरण प्रमाणपत्र,

२. PAN दर्ता नं. र कर चुक्ता पत्र (गत आ.व. सम्मको),

३. उद्योगको व्यवसायिक योजना (स्कीम),

४. उद्योग सञ्चालनमा रहेको तथा प्रविधि आवश्यक भएको भन्ने सम्बन्धित वडाको सिफारिस,

५. माग गरेको प्रविधिसँग सम्वन्धित स्पेशिफिकेशन र मूल्य खुलेको कोटेशन,

६. अघिल्ला पाँच आर्थिक वर्षमा कुनै कार्यालयबाट प्रविधि बापतको अनुदान प्राप्त नगरेको स्वःघोषणापत्र।

**निवेदक**

नामः

दस्तखत:

मितिः

उद्योगको छापः



CamScanner